मिति २०८३/०३/०३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

## श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) को व्यवस्था बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरूको देहायको उपस्थितिमा बसी उल्लिखित प्रस्तावहरू उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरू पारित गरियो।

बैठक सञ्चालन स्थानः गाउँ कार्यपालिकाको सभा हल

बैठक सञ्चालन मितिः २०८३/०३/०३ गते बुधबार

बैठक बसेको समयः दिउँसो १:०० बजे

### -उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी "अशोक" | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारा माया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगा माया तामाङ्ग | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युव माया मश्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री मनोज साह, प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

२१. जितेन्द्र गिरी, अधिकृत आठौं

२२. प्रदल ढपाखेती, लेखा प्रमुख

२३. चन्द्रिका थापा, का.स.

**प्रस्ताव तथा निर्णयहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | १८ औं गाउँसभा अधिवेशनको मिति, समय र स्थान तोक्ने सम्बन्धमा। | प्रशासन |
| ३. | आ.व.२०८१/०८२ को नियमित गर्नुपर्ने बेरुजु गाउँ सभामा पेश गर्ने सम्बन्धमा। | आ.ले.प. |
| ४. | सूचना प्रविधि अधिकृतको तह मिलान/कायम सम्बन्धमा। | प्रशासन |
| ५. | धानबालीको क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा। | कृषि |
| ६. | जनता आवास कार्यक्रम बापतको रकम भुक्तानी सम्बन्धमा। | कृषि |
| ७. | शैक्षिक अनुसन्धानको लागि सहयोग गर्ने सम्बन्धमा। | शिक्षा |
| ८. | ६ नं. वडाको पालिका स्तरीय भलिबल प्रतियोगता कार्यक्रमको अनुमोदन सम्बन्धमा। | खेलकुद |
| ९. | ११ नं. वडा र ४ नं. वडा जोड्ने हाँडिखोला लच्काको रकम भुक्तानी सम्बन्धमा। | पूर्वाधार विकास |
| १०. | अपाङ्ग कल्याण संघ, सिन्धुलीलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन |
| ११. | विविध । | |

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको यस अघिको मिति २०८३/०२/१७ गतेको बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको १८ औं गाउँसभाको अधिवेशन (वर्षे अधिवेशन) तपसिलको मिति, समय र स्थानमा आह्वान गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८३/०३/१० गते बुधवार

समयः बिहान ११:०० बजे

स्थानः तीनपाटन गाउँपालिकाको सभाहल

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३/०२/११ गतेको लेखा समितिको निर्णय बमोजिम आ.व. २०८१/०८२ को नियमित गर्नुपर्ने बेरुजु नियमित गर्न आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको सूचना प्रविधि शाखामा कार्यरत सूचना प्रविधि अधिकृत (छैठौं तह) श्री विनिता लामालाई "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२" बमोजिम सम्वत् २०८२ पुष महिनादेखि लागू हुने गरी सातौं तह कायम गरी सोही बमोजिम सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको प्रशासनिक भवन निर्माणका कारण सुन्दरफाँटको खेतियोग्य जग्गामा क्षति पुगेकोले जग्गा धनिबाट प्राप्त निवेदन तथा प्राविधिक अनुगमनबाट धनबाली उत्पादनमा पुऱ्याएको क्षतिको आधारमा देहाय बमोजिमका कृषकहरुलाई देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरियो।

देहायः

| क्र. सं. | कृषकको नाम, थर | ठेगाना | बाली | क्षेत्र फल (कठ्ठा) | पहिलो बाली धान उत्पादन विवरण | | | दोस्रो बाली धान उत्पादन विवरण | | | दुई बालीको क्षतिको जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादन (के.जी.) | दर रु. | जम्मा रु. | उत्पादन (के.जी.) | दर रु. | जम्मा रु. | |
| १ | सुन्दरमान श्रेष्ठ | तीनपाटन -११ | धान | ३ | ३९९ | ४० | १५९६० | ३९९ | ४० | १५९६० | ३१९२० |
| २ | कमला एक्चई मगर | तीनपाटन -१० | धान | ३ | ३९९ | ४० | १५९६० | ३९९ | ४० | १५९६० | ३१९२० |
| ३ | हर्क बहादुर श्रेष्ठ | तीनपाटन -११ | धान | १.५ | १९९ | ४० | ७९६० | १९९ | ४० | ७९६० | १५९२० |
| ४ | विश्वनाथ पहाडी | तीनपाटन -११ | धान | ५.५ | ७३१ | ४० | २९२४० | ७३१ | ४० | २९२४० | ५८४८० |
| ५ | तुलमान श्रेष्ठ | तीनपाटन -११ | धान | ३ | ३९९ | ४० | १५९६० | ३९९ | ४० | १५९६० | ३१९२० |
| ६ | डिल माया श्रेष्ठ | तीनपाटन -११ | धान | १.५ | १९९ | ४० | ७९६० | १९९ | ४० | ७९६० | १५९२० |
| ७ | सुजन श्रेष्ठ | तीनपाटन -११ | धान | १ | १३३ | ४० | ५३२० | १३३ | ४० | ५३२० | १०६४० |
| ८ | रितलाल श्रेष्ठ | तीनपाटन -११ | धान | ०.७५ | ९९ | ४० | ३९६० | ९९ | ४० | ३९६० | ७९२० |
| ९ | दुर्गालाल श्रेष्ठ | तीनपाटन -११ | धान | ०.५ | ६६ | ४० | २६४० | ६६ | ४० | २६४० | ५२८० |
| १० | मुकुन्द प्र. तिमल्सिना | तीनपाटन -१० | धान | ०.२३ | ३० | ४० | १२०० | ३० | ४० | १२०० | २४०० |
| जम्मा | | | | २० | २५५८ | | १०२३२० | २५५८ | | १०२३२० | २०४६४० |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. १ नक्कलेमा स्थायी रूपमा बसोबास गर्ने श्री लालबहादुर विश्वकर्माले बागमती प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम सिन्धुली जिल्ला भित्रका विपन्न नेपाली नगारिकलाई आवास सुविधा उपलब्ध गराउने कार्यक्रमबाट निजले घर निर्माण कार्य सम्पन्न गरी सकेको र निजले वि.सं.२०२८ साल अघिदेखि नै निरन्तर रूपमा भोग चलन गर्दै आएको तर नापीमा छुट भएकोले उक्त जग्गामा बनेको घरको अन्तिम किस्ता रकम निकासाको लागि बागमती प्रदेश जनता आवास कार्यक्रमलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा तीनपाटन गाउँपालिका वडा नं. ११ अर्चले निवासी यमुना दुलाल हाल नेपाली सेना कृषि विज्ञान संस्थान लमजुङमा चौथो बर्षमा अध्ययनरत छात्राले आठौं सेमस्टरमा शैक्षिक पाठ्यक्रममा आधारित रही अनुसन्धान गर्नेको लागि रु.३५,०००/- (पैतीस हजार) रकम सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका ६ नं. वडा कार्यालय, गडाम्रे अन्तर्गत पालिकास्तरिय भलिवल प्रतियोगिता कार्यक्रमको लागि विनियोजित रकम रु.३,००,०००/- आ.व. २०८२/०८३ को हिउँदे गाउँसभामा ६ नं. वडा कार्यालयबाट रातो किताबको सि.नं. ६०५ मा रहेको नन्दभञ्याङ भक्त धुसेनी सडक निर्माण कार्यक्रमबाट रकमान्तर गरी पालिकास्तरिय भलिबल प्रतियोगिता कार्यक्रम तीनपाटन-६ मा सञ्चालन गर्ने भनी पठाइएकोमा बजेट पुँजीगतबाट चालुमा रकमान्तर गर्न नमिलेकोले गर्दा कार्यक्रम सञ्चालन गर्न सि.नं.६८ कार्यक्रम खर्च शीर्षकबाट हुने गरी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८२/०८/१७ गते विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम ११ नं. वडा र ४ नं. वडा जोड्ने हाँडीखोलामा रहेको लच्का प्राविधिक इस्टिमेट बमोजिम विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने भनी निर्णय भएकोमा विपद् व्यवस्थापन कोषको मौज्दात शुन्य भएको हुँदा अन्य उपयुक्त शीर्षक तथा स्रोतबाट रु.३,४३,५६१/- (तीन लाख त्रिचालिस हजार छ सय एकसठ्ठी) बम्जन निर्माण सेवा प्रा.लि.लाई भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा अपाङ्ग कल्याण संघ सिन्धुलीले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरी पुस्तक प्रकाशन तथा अपाङ्गता भएका व्यक्तिको कृतिम हात, खुट्टा हाल्ने कार्य पहिचान गर्न कार्यको लागि कार्यक्रमको प्रस्तावना पेश हुन आएकोले रु.५०,०००/- (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ विविध माथि देहाय बमोजिम निर्णय गरियोः

(क) तपसिल बमोजिमका आर्थिक सहायता रकम अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

(अ) नेपाल मगर संघ श्री चित्र बहादुर रमौली - रु.२०,०००/- (बीस हजार)

(आ) माझी समुदाय - रु.३०,०००/- (तीस हजार)

(ख) यस गाउँपालिकाको वडा नं. १ का वडा सदस्य पार्वती कुमारी सार्कीको पति श्री रिम कुमार लामिछाने सार्की क्यान्सर रोग लागि उपचाररत हुनु भएकोले निजलाई आर्थिक सहायता बापत रु.४०,०००/- (चालीस हजार) सहयोग गर्ने निर्णय गरियो।

(ग) यस गाउँपालिकाको वडा नं. ८ को वडा कार्यालय भवन पहिरोको कारण उच्च जोखिममा रहेकोले प्राविधिक लागत अनुमान बमोजिम आकस्मिक कोषबाट खर्च व्यहोर्ने गरी पहिरो रोकथामको कार्य अगाडी बढाउने निर्णय गरियो।

(घ) बागमती प्रदेश सरकारको सशर्त अनुदानबाट यस गाउँपालिकाको वडा नं. ४ स्थित आ.वि. तीनपाटन बालाजोर भवन निर्माण, तीनपाटन-४ शीर्षकमा प्राप्त रु.६५,००,०००/- र सङ्घीय सरकारबाट प्राप्त रु.१,००,००,०००/- को समेत भवन निर्माण कार्य भइरहेको छ। सङ्घीय सरकारबाट प्राप्त रकमबाट भवन निर्माणको क्रममा जग्गा अपुग भएको तथा नवनिर्मित भवन संरक्षण गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको सशर्त अनुदानबाट भवन निर्माणको ठेक्का सम्झौता पश्चात् बाँकी रहेको रकम मध्येबाट रु.१०,००,०००/- मा नबढ्ने गरी विद्यालयको कम्पाउण्ड पर्खाल निर्माण गर्ने निर्णय गरियो।

(ङ) बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन कार्यालय सिन्धुली मार्फत आ.व.२०८२/०८३ मा तीनपाटन गापाका बजार-केन्द्रहरूको एकीकृत पूर्वाधार विकास सिन्धुलीको लागि विनियोजित बजेटबाट तीनपाटन गापा १ नं. वडा बेलघारीमा पहिलो प्राथमिकतामा बेलघारी कभर्ड हलको अधुरो संरचना सम्पन्न गर्ने, तीनपाटन गा.पा बेलघारी मूल सडकबाट स्वास्थ्य चौकी हुँदै रातमाटा जाने सडक र तीनपाटन वडा नं. ११ को लाम्पनटार-ऐरनीटार बजार केन्द्रका सडक निर्माण गर्ने कार्य गराउनको लागि सिफारिस गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

(च) मिति २०८३/०३/०१ गते प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट स्वीकृत बजेटको सीमाभित्र रही लागत साझेदारीमा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम (मिनिटिलर, कम्बाइन राईस मिल अनुदान) शीर्षकमा विनियोजित रकम रु.१,००,०००/- बाट कृषकहरूको ५० प्रतिशत लागत साझेदारीमा २ थान मिनिटिलर खरिद गर्ने सम्बन्धी निर्णय तथा सोको वितरण सम्बन्धमा कृषकहरू वडा नं. ४ बस्ने धनबहादुर बोगटी र वडा नं. १ बस्ने भिमबहादुर भुजेलको माग निवेदन एवं गाउँपालिकाा अध्यक्षज्यूको तोक स्वीकृति अनुसार वितरण गर्ने सम्बन्धी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।